# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

## २०८२ बैशाख, जेठ र असार महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन) को विवरण



स्थानीय सरकार

**हुप्सेकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

झ्यालबास, नवलपरासी ९वर्दघाट सुस्ता पूर्व०

गण्डकी प्रदेश, नेपाल

स्थापना २०७३

## १. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को स्वरुप र प्रकृतिः

नेपालको संविधान तथा संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएको स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीती, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दे जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

## २. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को काम, कर्तव्य र अधिकारः

हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

- गाउँपालिकाको एकल अधिकार नेपालको संविधानको अनुसुची-८ मा उल्लेख भए बमोजिम हुने।
- गाउँपालिकाले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार नेपालको संविधानको अनुसुची-९ मा उल्लेख भए बमोजिम हुने ।
- भूमि व्यवस्थापन, सञ्चार सेवा, यातायात सेवा, लघु, घरेलु तथा साना उद्योग सम्बन्धी कार्य गर्ने।
- गाउँपालिकाको आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने ।
- प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनि सम्बन्ध कायम गर्न सक्ने।

## ३. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) मा कार्यरत कर्मचारी संख्या र कार्य विवरणः

**कर्मचारी संख्या**

नेपाल सरकारबाट स्वीकृत गाउँपालिकाको कूल स्थायी दरबन्दी संख्याः ३१

गाउँपालिकामा कार्यरत कूल स्थायी कर्मचारी संख्याः २७

संघीय सशर्त कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखामा कार्यरत करार कर्मचारी संख्याः१२

गाउँपालिकामा करारमा कार्यरत अन्य कर्मचारी संख्याः ३६

**कार्यरत कर्मचारी विवरण**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १ जना |
| **क. आर्थिक प्रशासन शाखा** | |
| लेखा अधिकृत आठौं | १ जना |
| सहायकस्तर पाँचौ लेखापाल | १ जना |
| **ख. प्रशासन, योजना तथा अनुगमन शाखा** | |
| अधिकृतस्तर सातौं | २ जना |
| सहायकस्तर पाँचौ | १ जना |
| सहायकस्तर चौथो | २ जना |
| सहायक कम्प्युटर अपरेटर चौथो | १ जना |
| नगर प्रहरी | ७ जना |
| कार्यालय सहयोगी | ४ जना |
| सरसफाई कर्मचारी | २ जना |
| **ग. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा** | |
| ईन्जिनियर अधिकृतस्तर सातौं | १ जना |
| ईन्जिनियर अधिकृत छैठौं | १ जना |
| सव इन्जिनियर पाँचौं | ३ जना |
| असिष्टेण्ट सव ईन्जिनियर | १ जना |
| खा.पा.स.टे. पाँचौ | १ जना |
| अमिन सहायक चौथो | १ जना |
| वातावरण स्वयंसेवक | १ जना |
| **घ. सामाजिक तथा आर्थिक विकास शाखा** | |
| रोजगार संयोजक अधिकृत छैठौं | १ जना |
| रोजगार सहायक पाँचौं | १ जना |
| प्राविधिक सहायक सब ईन्जिनियर पाँचौं | १ जना |
| एम आई एस अपरेटर पाँचौं | १ जना |
| स.म.वि.नि. चौथो | १ जना |
| फिल्ड सहायक चौथो | २ जना |
| उद्यम विकास सहजकर्ता चौथो | २ जना |

| | |
|---|---|
| पोषण स्वयंसेवक | १ जना |
| ङ. शिक्षा, युवा तथा खेलकूद शाखा | |
| अधिकृतस्तर सातौं शिक्षा अधिकृत | १ जना |
| गाउँ शिक्षा अधिकृत | १ जना |
| श्रोत शिक्षक | १ जना |
| तथ्याङ्क व्यवस्थापक | १ जना |
| च. स्वास्थ्य शाखा | |
| सि.अ.हे.व. छैठौं | २ जना |
| सि.अ.न.मि. छैठौं | १ जना |
| छ. सूचना तथा संचार प्रविधि शाखा | |
| सूचना प्रविधि अधिकृत छैठौं | १ जना |
| ज. कृषि तथा पशु सेवा शाखा | |
| अधिकृत छैठौं | १ जना |
| प्रा.स. पाँचौं | १ जना |
| ना.प्रा.स. चौथो | १ जना |
| ना.प.से.प्रा. चौथो | १ जना |
| ना.प.स्वा.प्रा. चौथो | २ जना |
| झ. आन्तरिक लेखा परीक्षण इकाई | |
| आ.ले.प. सहायक पाँचौं | १ जना |
| ञ. न्यायिक समिति सचिवालय | |
| सहायक चौथो | १ जना |

## ४. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) बाट प्रदान गरिने सेवाः

- स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।
- योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास, शिक्षा, युवा तथा खेलकूद, स्वास्थ्य, कृषि तथा पशुसेवा शाखा, सूचना तथा संचार प्रविधि इकाई, कानूनी मामिला इकाई, राजश्व इकाई,

महिला बालवालिका तथा समाजकल्याण इकाई, रोजगार सेवा केन्द्र, सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई, उद्योग सहकारी तथा व्यवसाय प्रवर्द्धन ईकाइ जस्ता विभिन्न विषयगत शाखा/इकाई तथा केन्द्रहरुबाट प्रचलित ऐन कानून बमोजिम गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका योजना/कार्यक्रम एवं सेवा प्रवाह सम्बन्धी कार्यहरु संचालन गर्ने ।

## ५. स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

प्रशासन योजना तथा अनुगमन शाखाः अधिकृतस्तर सातौं

आर्थिक प्रशासन शाखाः अधिकृतस्तर आठौं

पूर्वाधार विकास तथा वातावरण व्यस्थापन शाखाः ईन्जिनियर सातौं

सामाजिक तथा आर्थिक विकास शाखाः अधिकृतस्तर सातौं

शिक्षा, युवा तथा खेलकूद शाखाः अधिकृतस्तर सातौं

स्वास्थ्य शाखाः सि.अ.हे.व. छैठौं

कृषि तथा पशु सेवा शाखाः अधिकृतस्तर छैठौं

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रदान गरिने सेवाको शुल्क सम्बन्धमा हुप्सेकोट गाउँपालिकाको आ.व. २०८१/८२ को आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

नीतिगत निर्णयहरु गाउँकार्यपालिकाको बैठक तथा गाउँसभाको बैठकबाट, प्रशासनिक निर्णय कार्यालय प्रमुख स्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा कार्यालय प्रमुख हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख हुने ।

## ९. आर्थिक वर्ष २०८१/८२ को बैशाख देखि असारसम्म तीन महिनाको अवधिमा कार्यालयबाट सम्पादित मुख्य मुख्य कामको विवरणः

- ❖ २०८२ बैशाख देखि असार सम्म ४ वटा गाउँसभाको बैठक, गाउँकार्यपालिकाको ९ वटा बैठक तथा राजश्व परामर्श समितिको ४ वटा वैठक सम्पन्न हुनुका साथै १०१८ वटा चिठ्ठीपत्रहरु दर्ता तथा ५८१ वटा चिठ्ठीपत्रहरु चलानी भएका ।
- ❖ शिक्षा युवा तथा खेलकूद शाखा तर्फ, सामुदायिक विद्यालयहरुलाई १८० दिनसम्मको दिवा खाजा रकम निकासा गरिएको, करार शिक्षक कर्मचारीको कल्याणकारी कोषमा असार मसान्त सम्मको रकम निकासा गरिएको, शिक्षकहरुलाई मेन्टरिङ गर्न मेन्टरिङ तालिम प्रदान र मेन्टरिङ कार्य प्रति मेन्टर ११ वटा कक्षा अवलोकन गरिएको, सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) अन्तरगत कक्षा ५ र ८ को निदानात्मक परीक्षा (Pre test र Post test) सम्पन्न र ईमिसमा ईन्ट्री गर्ने कार्य सम्पन्न गरिएको, ज्वाला मा.वि. झ्यालबासमा सिकाइ सामग्री प्रदर्शनी मेला सम्पन्न गरिएको, असल अभ्यास अनुशरणका लागि नमुना विद्यालय अवलोकन कार्य तथा नमुना संसद अभ्यास कार्यक्रम सम्पन्न गरिएको, शिक्षकहरुलाई ५ दिने कम्प्युटर तालिम तथा शिक्षण सिकाई क्रियाकलापमा AI को प्रयोग सम्बन्धि तालिम प्रदान गरिएको, बाल विकास शिक्षकहरुलाई शैक्षिक सामाग्री निर्माण सम्बन्धि कार्यशाला सम्पन्न गर्नुका साथै विद्यालयको भौतिक सर्वेक्षण तथा नक्शांकन अन्तर्गत ३३ वटा विद्यालयको emis मा entry गर्ने कार्य सम्पन्न गरिएको ।
- ❖ कृषि शाखा तर्फ, मागमा आधारित कृषि विकास कार्यक्रम अन्तर्गत कृषकहरुबाट प्राप्त भएका माग निवेदनहरुको आर्थिक विकास समितिबाट अध्ययन तथा मूल्याङ्कन पश्चात अनुगमन गरी कार्यपालिकाको निर्णयबाट छनौट भएका १८ वटा कृषक/कृषक समुह/फर्महरुमध्ये१७ बटा सँग सम्झौता गरि कार्यक्रम सम्पन्न गरिएको, विषादी न्यूनीकरण, प्राङ्गारिक मल उत्पादन तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम अन्तर्गत वडा नं १,२,३ र ४ का ७ वटा समुहहरुमा विषादी न्युनिकरण सम्वन्धि १ दिने तालिम संचालन गरि ६५ वटा PPE Set निःशुल्क वितरण गरिएको, मौरी प्रवर्द्धन तथा महमा अनुदान कार्यक्रम अन्तर्गत माग भएका ९७ वटा मौरीघार लगायत अन्य मौरीपालन सँग सम्वन्धित सामाग्रीहरु ५०% अनुदानमा वितरण गरिएको, नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम अन्तर्गत कृषक समुह छनौट गरि उक्त समुहसँग सम्झौता गरि कृषकहरुको माग बमोजिम ५०% अनुदानमा सुन कागती-१ जातको ४००० वटा कागतीको विरुवा, ८५% अनुदानमा २० वटा सिंचाईका पानी टंकी र पाइप सामाग्री, ५०% अनुदानमा बाली संरक्षण लगायत अन्य सामाग्रीहरु वितरण गरिएको, खाद्यान्न वालीको उन्नत विउ वितरण कार्यक्रम अन्तर्गत कृषकहरुको माग बमोजिम सावित्री-१६५०० के.जि ,सावा मन्सुलि-७५०० के.जि,रामधान

१००० के.जि,सुख्खा,२-१०५ के.जि, सुख्खा,३-१०५ के.जि,हर्दिनाथ-६,६०० के.जि धानको बिउ ५०% अनुदानमा वितरण गरिएको, किसान सुचिकरण कार्यक्रम अन्तर्गत वडा नं ६ का १२५ घरधुरीमा तथ्याङ्क संकलन गर्नुका साथै कृषि पशुपंछि तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत वडा नं २,४,र ६ का ४६१ घरधुरीमा तथ्याङ्क संकलन कार्य सम्पन्न गरिएको।

- पशु सेवा शाखा तर्फ, नियमित रुपमा ५०% अनुदानमा १४९७ कृषकहरुलाई औषधी वितरण कार्यक्रम गरिएको, दुध उत्पादनमा अनुदान (प्रति लिटर रु.२० का दरले) कार्यक्रम ३ वटा दुग्ध उत्पादक सहकारीहरुमा आवद्ध कृषकहरुलाई ५४४२२.९० लिटर दुधको रु.१०,८८,४५८/- रकम भुक्तानी गरिएको, वडा नं. २ को लायनखोला र वडा नं. ६ को केवराढापमा निःशुल्क पशु स्वास्थ्य शिविर संचालन, वडा नं. ५ को बसेनी र धौवादीमा व्यवसायिक पशुपालन तालिम संचालन र वडा नं ६ जगदेवमा महामारी रोग नियन्त्रण कार्यक्रम संचालन गरिएको ।
- पूर्वाधार शाखा तर्फ, वडा न. १ को बेलुवा र जिम्दार टोलमा करिव ५०० मि. सडक कालोपत्रे कार्य, सहिद पार्क, वाल-उद्यान, वडा न. ३ को बुद्दचोक बन्धरि सडक अन्तर्गत करिव १७० मि. सडक कालोपत्रे तथा नाला निर्माण, वडा न. ४ को शंखदेव मोटरेवल पुल निर्माण अन्तर्गत Abuitment निर्माणको कार्य, वडा न. ५ मा निर्माणाधीन रहेको धौवादी राम्चे खानेपानी योजना, धौवादी बोझापोखरी सडक नाला निर्माण तथा ग्रावेल कार्य र वडा न ६ को गरिमा चोक पिपल डांडा जापडांडा पाल्पा सडक अन्तर्गत ठेक्का बमोजिमको कार्य सम्पन्न हुनुको साथै उपभोक्ता समितिबाट सडक ग्रावेल, नाला निर्माण, सिंचाई कुलो मर्मत तथा सामुदायिक भवन निर्माणको कार्यहरु सम्पन्न गरिएको ।
- योजना तथा अनुगमन शाखा तर्फ, तीन महिनाको अवधिमा २९ वटा योजना सम्झौता गरिनुका साथै संचालित ६९ वटा योजनाहरुको अनुगमन गरी भुक्तानी कार्य सम्पन्न गरिनुका साथै ८ वटा नयाँ व्यवसाय दर्ता, ७ वटा व्यवसाय खारेजी तथा ९२ वटा व्यवसाय नवीकरण गरिएको।
- खानेपानी तथा सरसफाई शाखा तर्फ, रुद्रपुर खानेपानी योजना निर्माण कार्य सम्पन्न भएको, खानेपानी तथा सरसफाई र NWASH सम्बन्धी अभिमुखीकरण गोष्ठी ५ वटा वडा तथा गाउँपालिकामा सम्पन्न गरिएको, WSP (खा.पा.सू.योजना) टोलीको २ दिने तालिम ३ स्थानमा सम्पन्न गरिएको, पोषण र खानेपानी सरसफाई सम्बन्धि१ दिने तालिम ४ स्थानमा सम्पन्न गरिएको, सटाकुन, नाम्जाकोट, बारकोट र बिरुखर्कमा खानेपानी योजनाहरु सम्पन्न

गरिएको तथा फोहरमैला ब्यबस्थापनको लागि संकलन केन्द्र निर्माण कार्य सम्पन्न गरिएको।

- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ, हुप्सेकोट गाउँपालिकाको ५ वर्षे रोजगार रणनिती तयार गरि गाउँसभाबाट पारित गरिएको, ६ वटै वडामा विभिन्न योजनाहरुमा थप २६ जना सुचिकृत वेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको, वैदेशिक रोजगारीसंग सम्बन्धित ६३ जना व्यक्तिहरुलाई श्रम स्वीकृती कार्यमा सहजिकरण गरिएको, वैदेशिक रोजगारीमा गई मृत्यु भएका, विरामी परेका ३ जना व्यक्तिहरुको वैदेशिक रोजगार बोर्ड बाट प्राप्त हुने वैदेशिक सहायता प्राप्तिका लागि वैदेशिक रोजगार बोर्डमा सिफारीस गरि पठाईएको, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी, ललितपुर द्वारा संचालन गरिने तालिममा सहभागिताका लागि आवेदन संकलन तथा तालिम संचालनमा सहजीकरण गरि वडा नं १ जुगेपानीमा टेलरिङ र वडा नं ४ मा व्यूटिसियन र टेलरिङका लेभल-१ को तालिम सम्पन्न गरिएको, प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालनमा रहेका १२ वटा योजनाहरुको कार्यसम्पन्न गरिएको, सञ्चालित सबै योजनास्थलमा गई योजना संचालन पूर्व सम्बन्धित सूचीकृत कामदारहरुलाई अभिमुखिकरण गर्नुका साथै कार्यरत सुचिकृत वेरोजगारहरुलाई आवश्यक पर्ने सुरक्षा सामाग्री तथा हाते औजार प्रदान गरिएको, श्रमको सम्मान राष्ट्रको अभियान र वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई गहन अभिमुखीकरण कार्य सम्पन्न गरिएको ।
- ❖ स्वास्थ्य सेवा तर्फ, ३ वटा मासिक बैठक सम्पन्न गरिनुका साथै विभिन्न वार्षिक कार्यक्रमहरुबाट तपशिलका संख्यामा सम्बन्धित लाभग्राहीहरू लाभान्वित भएका

| सि. नं. | **कार्यक्रम** | **वैशाख** | **जेष्ठ** | **असार** | **जम्मा** |
|---|---|---|---|---|---|
| १ | VIA जांच | १२ | ५ | ४ | २१ |
| २ | मधुमेह जांच मासिक २१ गते | २०४ | २१६ | १५२ | ५७२ |
| ३ | ग्रामिण Altasound ANC परिक्षण | १२ | १७ | ७ | ३६ |
| ४ | विशेषज्ञ Altasound परिक्षण | २१ | ४१ | ६० | १२२ |
| ५ | बिमा सेवा | ६६२ | ६६१ | ४९८ | १८२१ |
| ६ | बिमा रेफर | १४६ | १३३ | १०४ | ३८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सुत्केरी (delivary) सेवा | २ | २ | ५ | ९ |
| ८ | ANC Any Time | २४ | २३ | २६ | ७३ |
| ९ | ANC Protocal अनुसार | १२ | १४ | १९ | ४५ |
| १० | झुल वितरण | १३ | 0 | ० | १३ |
| ११ | पूर्ण खोप | ३२ | ३८ | ३१ | १०१ |
| १२ | सुरक्षित गर्भपतन सेवा | १७ | २४ | १० | ५१ |
| १३ | क्षयरोगका नया बिरामी | ४ | १५ | ० | १९ |
| १४ | पोषण सेवा | २२ | १०९ | १८ | १४९ |
| १५ | कुपोषित बालबालिका | १ | १ | १ | ३ |
| १६ | दैनिक उपचार संख्या | ९७६७ | ९७८६ | ९८७६ | २९४२९ |
| १७ | छोरीको सुनौलो भविष्य कार्यक्रम बाट रु.५०००/- पाउने | ७ | १५ | १० | ३२ |
| १८ | सुत्केरी स्याहार पोषण खर्च बापत रु.५०००/ पाउने | २० | २० | १९ | ५९ |
| १९ | ग र घ वर्ग को स्वास्थ्य बिमा | १२ | ७ | १६ | ३५ |
| २० | असहाय स्वास्थ्य बिमा | ३ | २ | ५ | १० |
| २१ | क्षयरोग X-ray क्याम्प | २९९ | ० | ० | २९९ |
| २२ | आयुर्बेद सेवा केन्द्रको सेवा | १२६ | १४३ | १७८ | ४४७ |
| २३ | आँखा उपचार सेवा केन्द्रको सेवा | ७१ | ६३ | ६१ | १९५ |
| २४ | बिपन्न उपचार सिफारिस | ४ | २ | ३ | ९ |
| २५ | क्यान्सर,मृगौला,मेरुदण्ड उपचार खर्च पाउने | ० | १ | ६६ | ६७ |
| २६ | प्रयोगशाला जांच | १५० | १९८ | १९० | ५३८ |

- महिला बालबालिका तथा समाजकल्याण शाखा तर्फ, सशस्त्र द्धन्द्धबाट पीडित तथा प्रभावित महिलाको समष्टिगत आवश्यकता पहिचानका लागि निवेदन, संकलन गरी फारम भर्ने र तथ्याङ्क प्रविष्टी कार्य सम्पन्न, २५जना अपाङ्गता भएका व्यक्तिहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम तथा बटुवा धुप बनाउने तालिम सम्पन्न, जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत वडा न.२,३ का २५ जना विपन्न महिलाहरुलाई ५ दिने ब्यवसायिक बाख्रापालन तालिम संचालन गरी ब्यवसाय संचालन खर्च अनुदान २६०००/- का दरले प्रदान गरिएको।
- लघु उद्यम विकास (MEDPA) कार्यक्रम तर्फ १४ जनालाई बुटिक सम्बन्धी र १७ जनालाई ब्यूटीसियन सम्बन्धी १ महिने सीप विकास तालिम सम्पन्न गर्नुका साथै स्तरोउन्नति तर्फ आवश्कता पहिचान तथा १० जना उद्यमीलाई सिलाई कटाई तालिम सम्पन्न गरिएको।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण ईकाई तर्फ, आ.व.२०८१/८२ को चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वापत २९२७ जनालाई सम्बन्धित लाभग्राहीको बैंक खातामार्फत रु.२,८०,६९,००२/- भुक्तानी गरिएको ।
- तीन महिनाको अवधिमा न्यायिक समितिको ३ वटा मासिक बैठक, १७ पटक इजलास बसेको, १९ वटा उजुरी दर्ता भएकोमा १० वटा उजुरी माथि मेलमिलाप भई ६ वटा मेलमिलाप कार्यान्वयन भएकोमा २ वटा माथिल्लो निकायमा पठाइएको र न्यायिक समितिद्धारा २ पटक उजुरीको सम्वन्धमा स्थलगत अवलोकन गरि एक दिने मेलमिलापकर्ता क्षमता विकास तालिम सञ्चालन गरी स्थानीय मेलमिलापकर्ताहरुका लागि पहिचान स्वरुप झोला वितरण गरिएको ।

## १०. प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पदः

प्रवक्ताः रेवती सारु पदः कार्यपालिका सदस्य

सूचना अधिकारीः राजेन्द्र प्रसाद रेग्मी पदः वरिष्ठ लेखा अधिकृत (अधिकृतस्तर आठौं)

कार्यालय प्रमुखः हरि प्रसाद पराजुली पदः प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृतीय)

## ११. कार्यालयको कार्यसंचालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

- ❖ गाउँपालिकाबाट पारित ऐन, कार्यविधि तथा मापदण्डहरु
- ❖ अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु

## १२. २०८२ असार मसान्तसम्मको खर्चको फाँटवारीः

आ.व. : २०८१/८२ महिना : असार — रु.

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ८=(६+७) | ११=(४-८) |
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | ९,८६,००,०००.०० | ८,७८,५५,८३५.०० | १,०७,४४,१६५.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ६६,१४,०००.०० | ६६,१२,३००.०० | १,७००.०० |
| २ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४,५०,०००.०० | १,८२,०७०.०० | २,६७,९३०.०० |
| ३ | २२५२२ | कार्यक्रम खर्च | ९,००,०००.०० | ८,१४,४८९.०० | ८५,५११.०० |
| ४ | २२५२९ | विविध कार्यक्रम खर्च | २७,५०,०००.०० | १९,८७,३०५.०० | ७,६२,६९५.०० |
| ५ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,५०,०००.०० | ७९,०४५.०० | ७०,९५५.०० |
| ६ | २२७११ | विविध खर्च | १९,००,०००.०० | १२,४६,२५५.०० | ६,५३,७४५.०० |
| ७ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ५०,००,०००.०० | ५०,००,०००.०० | ०.०० |
| ८ | २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० |
| ९ | २७११२ | अन्य सामाजिक सुरक्षा | ९,६०,०००.०० | ०.०० | ९,६०,०००.०० |
| १० | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ५०,०००.०० | ५०,०००.०० | ०.०० |
| ११ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,४७,५०,०००.०० | १,१८,६९,२१८.०० | २८,८०,७८२.०० |
| १२ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० |
| १३ | ३११२२ | मेशिनरी तथा औजार | १४,००,०००.०० | १२,४७,६५४.०० | १,५२,३४६.०० |
| १४ | ३११५१ | सडक तथा पूल निर्माण | ४,४८,७६,०००.०० | ४,२१,१६,१२७.०० | २७,५९,८७३.०० |
| १५ | ३११५३ | विद्युत संरचना निर्माण | ९,००,०००.०० | ०.०० | ९,००,०००.०० |
| १६ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | १८,००,०००.०० | १४,६६,००३.०० | ३,३३,९९७.०० |
| १७ | ३११५५ | सिंचाई संरचना निर्माण | ३३,००,०००.०० | ३१,२१,३५२.०० | १,७८,६४८.०० |
| १८ | ३११५६ | खानेपानी संरचना निर्माण | २३,००,०००.०० | २१,३८,२०३.०० | १,६१,७९७.०० |
| १९ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ९४,००,०००.०० | ८८,२५,८१४.०० | ५,७४,१८६.०० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | | १९,५९,५४,०००.०० | १८,३१,८०,०४०.९८ | १,२७,७३,९५९.०२ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १४,२५,५३,०००.०० | १३,२७,८६,७९१.९८ | ९७,६६,२०८.०२ |
| २ | २११२१ | पोशाक | ६,४४,०००.०० | ६,३८,०००.०० | ६,०००.०० |
| ३ | २२४१९ | अन्य सेवा शुल्क | २०,९४,०००.०० | २०,२१,३६८.०० | ७२,६३२.०० |
| ४ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,३०,०००.०० | १,२९,९००.०० | १००.०० |
| ५ | २२५२२ | कार्यक्रम खर्च | ४९,२३,०००.०० | ४८,४२,४९३.०० | ८०,५०७.०० |
| ६ | २२५२९ | विविध कार्यक्रम खर्च | ३३,०९,०००.०० | २९,९४,७८५.०० | ३,१४,२१५.०० |
| ७ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १५,०३,०००.०० | १४,५१,९००.०० | ५१,१००.०० |
| ८ | २२७११ | विविध खर्च | ३६,०००.०० | ३६,०००.०० | ०.०० |
| ९ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ३,५९,१३,०००.०० | ३,३७,११,७३०.०० | २२,०१,२७०.०० |
| १० | २७२११ | छात्रवृत्ति | ९,४१,०००.०० | ८,७३,०००.०० | ६८,०००.०० |
| ११ | २७२१३ | औषधीखरिद खर्च | १०,९३,०००.०० | १०,९१,६५०.०० | १,३५०.०० |
| १२ | २७२१९ | अन्य सामाजिक सहायता | २८,१५,०००.०० | २६,०२,४२३.०० | २,१२,५७७.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | नेपाल सरकार - शसर्त अनुदान चालु : आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक) | | ४२,००,०००.०० | ३८,७१,७६७.०० | ३,२८,२३३.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १०,००,०००.०० | ९,०२,९८०.०० | ९७,०२०.०० |
| २ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,००,०००.०० | ९८,७०५.०० | १,२९५.०० |
| ३ | २२४१९ | अन्य सेवा शुल्क | २६,००,०००.०० | २५,७५,१४०.०० | २४,८६०.०० |
| ४ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ५ | २२५२२ | कार्यक्रम खर्च | २,००,०००.०० | १,९५,४४२.०० | ४,५५८.०० |
| ६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,००,०००.०० | ९९,५००.०० | ५००.०० |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | | ६३,००,०००.०० | ४३,१३,१९८.०० | १९,८६,८०२.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ४,००,०००.०० | ४,००,०००.०० | ०.०० |
| २ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० |
| ३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ५५,००,०००.०० | ३५,३२,९९८.०० | १९,६७,००२.०० |
| ४ | २७२११ | छात्रवृत्ति | १,००,०००.०० | ८०,२००.०० | १९,८००.०० |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | | ८५,००,०००.०० | ४९,४८,६४४.०० | ३५,५१,३५६.०० |
| १ | २२५२२ | कार्यक्रम खर्च | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| २ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | २८,६२०.०० | २,७१,३८०.०० |
| ३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ७८,००,०००.०० | ४६,२४,०२४.०० | ३१,७५,९७६.०० |
| ४ | २७२११ | छात्रवृत्ति | २,००,०००.०० | ९६,०००.०० | १,०४,०००.०० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | | २१,००,०००.०० | ११,३७,०४०.०० | ९,६२,९६०.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ३,३५,०००.०० | ०.०० | ३,३५,०००.०० |
| २ | २२५२२ | कार्यक्रम खर्च | ११,४०,०००.०० | ११,३७,०४०.०० | २,९६०.०० |
| ३ | २७२१९ | अन्य सामाजिक सहायता | ६,२५,०००.०० | ०.०० | ६,२५,०००.०० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : नेपाल सरकार - नगद अनुदान | | २५,०००.०० | ०.०० | २५,०००.०० |
| १ | ३११११ | आवासीय भवन निर्माण/खरिद | २५,०००.०० | ०.०० | २५,०००.०० |
| ८ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,१३,००,०००.०० | ७७,६८,९८९.०० | ३५,३१,०११.०० |
| १ | ३११११ | आवासीय भवन निर्माण/खरिद | ८,००,०००.०० | ३०,०००.०० | ७,७०,०००.०० |
| २ | ३११५१ | सडक तथा पूल निर्माण | ६०,००,०००.०० | ४६,७३,३५७.०० | १३,२६,६४३.०० |
| ३ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ४५,००,०००.०० | ३०,६५,६३२.०० | १४,३४,३६८.०० |
| ९ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | २,७५,००,०००.०० | १,८१,५६,०४४.०० | ९३,४३,९५६.०० |
| १ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,२०,००,०००.०० | ३९,२३,६३४.०० | ८०,७६,३६६.०० |
| २ | ३११५६ | खानेपानी संरचना निर्माण | १,५५,००,०००.०० | १,४२,३२,४१०.०० | १२,६७,५९०.०० |
| १० | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,००,००,०००.०० | ७३,२६,८३६.०० | २६,७३,१६४.०० |
| १ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,००,००,०००.०० | ७३,२६,८३६.०० | २६,७३,१६४.०० |
| ११ | गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान | | १,२५,२१,०००.०० | १,०२,२९,४१९.०० | २२,९१,५८१.०० |
| १ | २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १,७१,०००.०० | १,४७,४१८.०० | २३,५८२.०० |
| २ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १५,००,०००.०० | ९,३४,६५६.०० | ५,६५,३४४.०० |
| ३ | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | १,००,०००.०० | ९९,८९२.०० | १०८.०० |
| ४ | २२५२२ | कार्यक्रम खर्च | ५०,०००.०० | ०.०० | ५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २५३१५ | अन्य सस्था सहायता | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |
| ६ | २७२१३ | औषधीखरिद खर्च | ८,००,०००.०० | ७,९८,२७६.०० | १,७२४.०० |
| ७ | ३११५१ | सडक तथा पूल निर्माण | ३६,५०,०००.०० | २६,८१,८१६.०० | ९,६८,१८४.०० |
| ८ | ३११५३ | विद्युत संरचना निर्माण | ८,००,०००.०० | ७,९०,०८०.०० | ९,९२०.०० |
| ९ | ३११५५ | सिंचाई संरचना निर्माण | १,००,०००.०० | ९७,०००.०० | ३,०००.०० |
| १० | ३११५९ | अन्य सार्वजनिक निर्माण | २८,५०,०००.०० | २१,८०,२८१.०० | ६,६९,७१९.०० |
| १२ | गण्डकी प्रदेश - विषेश अनुदान चालु : गण्डकी प्रदेश - नगद अनुदान | | ४०,००,०००.०० | ३९,४३,५९४.०० | ५६,४०६.०० |
| १ | २२५२२ | कार्यक्रम खर्च | ४०,००,०००.०० | ३९,४३,५९४.०० | ५६,४०६.०० |
| १३ | गण्डकी प्रदेश - समपुरक अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | ६०,००,०००.०० | ३३,७७,४२५.०० | २६,२२,५७५.०० |
| १ | ३११५१ | सडक तथा पूल निर्माण | ६०,००,०००.०० | ३३,७७,४२५.०० | २६,२२,५७५.०० |
| १४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | | ९२,३३,०००.०० | ६४,२९,४४०.०० | २८,०३,५६०.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १३,४८,०००.०० | १३,१२,०००.०० | ३६,०००.०० |
| २ | २२४११ | सेवा र परामर्श खर्च | ७,००,०००.०० | ६,९०,४३०.०० | ९,५७०.०० |
| ३ | २२४१३ | करार सेवा शुल्क | १,८०,०००.०० | १,८०,०००.०० | ०.०० |
| ४ | २२५२२ | कार्यक्रम खर्च | २०,१०,०००.०० | १९,११,५२५.०० | ९८,४७५.०० |
| ५ | २२५२९ | विविध कार्यक्रम खर्च | २६,३०,०००.०० | १०,८१,३४०.०० | १५,४८,६६०.०० |
| ६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ७ | २२७११ | विविध खर्च | ५,६५,०००.०० | ५,४४,०४२.०० | २०,९५८.०० |
| ८ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २,००,०००.०० | १,९६,१२९.०० | ३,८७१.०० |
| ९ | २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| १० | ३११३५ | पूँजीगत परामर्श खर्च | ७,००,०००.०० | ३,४७,२४९.०० | ३,५२,७५१.०० |
| ११ | ३११५५ | सिंचाई संरचना निर्माण | १,००,०००.०० | ९५,८९४.०० | ४,१०६.०० |
| १२ | ३११५९ | अन्य सार्वजनिक निर्माण | १,००,०००.०० | ७०,८३१.०० | २९,१६९.०० |
| १५ | राजस्व बाँडफाँड – स्थानीय - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड – स्थानीय - नगद | | ३,१६,४०,०००.०० | ४३,९७,७५७.०० | २,७२,४२,२४३.०० |
| १ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १,००,०००.०० | ५७,४४०.०० | ४२,५६०.०० |
| २ | २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २९,०००.०० | ०.०० | २९,०००.०० |
| ३ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ४ | २२४१३ | करार सेवा शुल्क | ८४,०००.०० | ०.०० | ८४,०००.०० |
| ५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ६ | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | २,००,०००.०० | १,९८,८८०.०० | १,१२०.०० |
| ७ | २२५२२ | कार्यक्रम खर्च | २९,३०,०००.०० | ६,६९,८९४.०० | २२,६०,१०६.०० |
| ८ | २२५२९ | विविध कार्यक्रम खर्च | २७,५०,०००.०० | ९,५०,२४०.०० | १७,९९,७६०.०० |
| ९ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५०,०००.०० | ४८,०००.०० | २,०००.०० |
| १० | २२७११ | विविध खर्च | ९,००,०००.०० | ०.०० | ९,००,०००.०० |
| ११ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| १२ | २७२१९ | अन्य सामाजिक सहायता | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| १३ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| १४ | ३११५१ | सडक तथा पूल निर्माण | १,३४,४७,०००.०० | २२,९८,५१५.०० | १,११,४८,४८५.०० |
| १५ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| १६ | ३११५६ | खानेपानी संरचना निर्माण | २६,००,०००.०० | ०.०० | २६,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ६८,५०,०००.०० | १,७४,७८८.०० | ६६,७५,२१२.०० |
| १६ | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद | | १०,१५,००,०००.०० | ९,२४,८५,४८०.७६ | ९०,१४,५१९.२४ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १,१२,४०,०००.०० | १,०८,२९,१२५.९२ | ४,१०,८७४.०८ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ४७,००,०००.०० | ४६,७८,०००.०० | २२,०००.०० |
| ३ | २११२१ | पोशाक | ८,००,०००.०० | ५,६०,०००.०० | २,४०,०००.०० |
| ४ | २११३४ | कर्मचारीको बैठक भत्ता | ६,००,०००.०० | ४,४९,८५०.०० | १,५०,१५०.०० |
| ५ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,००,०००.०० | ६८,५००.०० | ३,३१,५००.०० |
| ६ | २११३९ | अन्य भत्ता | ७,००,०००.०० | ४,५५,२००.०० | २,४४,८००.०० |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २९,००,०००.०० | २८,२०,०००.०० | ८०,०००.०० |
| ८ | २१२१४ | कर्मचारी कल्याण कोष | २१,००,०००.०० | १५,४५,०००.०० | ५,५५,०००.०० |
| ९ | २२१११ | पानी तथा बिजुली | १९,००,०००.०० | १६,६२,८३२.३४ | २,३७,१६७.६६ |
| १० | २२११२ | संचार महसुल | ४,००,०००.०० | ३,६६,४४७.०० | ३३,५५३.०० |
| ११ | २२२११ | इन्धन (पदाधिकारी) | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० |
| १२ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १५,००,०००.०० | १४,९०,९०३.०० | ९,०९७.०० |
| १३ | २२२१३ | सवारी साधन मर्मत खर्च | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |
| १४ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ३,५०,०००.०० | ३,०६,३३७.५० | ४३,६६२.५० |
| १५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २१,५०,०००.०० | २१,५०,०००.०० | ०.०० |
| १६ | २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २,४०,०००.०० | २,३९,२८८.०० | ७१२.०० |
| १७ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२,००,०००.०० | २२,००,०००.०० | ०.०० |
| १८ | २२३१४ | इन्धन - अन्य प्रयोजन | १२,००,०००.०० | १०,६३,६७६.०० | १,३६,३२४.०० |
| १९ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १६,७५,०००.०० | १३,९८,८०४.०० | २,७६,१९६.०० |
| २० | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ४,००,०००.०० | ३,८३,४०९.०० | १६,५९१.०० |
| २१ | २२४११ | सेवा र परामर्श खर्च | १३,००,०००.०० | १२,८५,९४०.०० | १४,०६०.०० |
| २२ | २२४१३ | करार सेवा शुल्क | १,९४,८५,०००.०० | १,८८,११,९८३.०० | ६,७३,०१७.०० |
| २३ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १५,३७,०००.०० | ७,६२,१३०.०० | ७,७४,८७०.०० |
| २४ | २२५२२ | कार्यक्रम खर्च | ३६,७६,०००.०० | २७,३६,३९०.०० | ९,३९,६१०.०० |
| २५ | २२५२९ | विविध कार्यक्रम खर्च | ३६,३७,०००.०० | २८,०६,५५९.०० | ८,३०,४४१.०० |
| २६ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १४,००,०००.०० | १०,८६,९१८.०० | ३,१३,०८२.०० |
| २७ | २२६१२ | भ्रमण खर्च | १५,००,०००.०० | १४,४७,९००.०० | ५२,१००.०० |
| २८ | २२६१९ | अन्य भ्रमण खर्च | ८,००,०००.०० | ८,००,०००.०० | ०.०० |
| २९ | २२७११ | विविध खर्च | ३७,०५,०००.०० | ३५,६५,५६७.०० | १,३९,४३३.०० |
| ३० | २२७२१ | सभा सञ्चालन खर्च | ४,००,०००.०० | ४,००,०००.०० | ०.०० |
| ३१ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | १,३९,३५,०००.०० | १,३१,१८,९०६.०० | ८,१६,०९४.०० |
| ३२ | २७१११ | सामाजिक सुरक्षा | ४,००,०००.०० | ४,००,०००.०० | ०.०० |
| ३३ | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० |
| ३४ | २७२१९ | अन्य सामाजिक सहायता | २,००,०००.०० | ८६,०००.०० | १,१४,०००.०० |
| ३५ | २८१४२ | घरभाडा | ५,००,०००.०० | २,८८,०००.०० | २,१२,०००.०० |
| ३६ | २८१४९ | अन्य भाडा | ३,००,०००.०० | २,६७,९५०.०० | ३२,०५०.०० |
| ३७ | ३१११२२ | मेशिनरी तथा औजार | १०,८०,०००.०० | ६,३०,२८२.०० | ४,४९,७१८.०० |
| ३८ | ३१११२३ | फर्निचर तथा फिक्चर्स | १८,००,०००.०० | १८,००,०००.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३९ | ३११५१ | सडक तथा पूल निर्माण | ५७,४०,०००.०० | ५६,७३,२०५.०० | ६६,७९५.०० |
| ४० | ३११५५ | सिंचाई संरचना निर्माण | ५०,०००.०० | ४८,१८१.०० | १,८१९.०० |
| ४१ | ३११५७ | वन तथा वातावरण संरक्षण | ३,००,०००.०० | २,१३,३००.०० | ८६,७००.०० |
| ४२ | ३११५९ | अन्य सार्वजनिक निर्माण | १,००,०००.०० | ८८,८९७.०० | ११,१०३.०० |
| १७ | आन्तरिक श्रोत - आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद | | २,७१,५९,०००.०० | २,४३,५४,६३०.३६ | २८,०४,३६९.६४ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ५०,००,०००.०० | ५०,००,०००.०० | ०.०० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | २५,००,०००.०० | २५,००,०००.०० | ०.०० |
| ३ | २११३२ | महंगी भत्ता | ८,००,०००.०० | ८,००,०००.०० | ०.०० |
| ४ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ५,००,०००.०० | ४,७१,१३८.०० | २८,८६२.०० |
| ५ | २२४११ | सेवा र परामर्श खर्च | ६,००,०००.०० | ५,९८,९४०.०० | १,०६०.०० |
| ६ | २२४१३ | करार सेवा शुल्क | ४२,६०,०००.०० | ४२,४४,०००.०० | १६,०००.०० |
| ७ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १०,५०,०००.०० | ६,१६,७९१.०० | ४,३३,२०९.०० |
| ८ | २२५२२ | कार्यक्रम खर्च | १६,००,०००.०० | १२,४२,८४३.०० | ३,५७,१५७.०० |
| ९ | २२५२९ | विविध कार्यक्रम खर्च | १४,८०,०००.०० | १३,५४,२०८.०० | १,२५,७९२.०० |
| १० | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५०,०००.०० | ३७,५००.०० | १२,५००.०० |
| ११ | २२६१२ | भ्रमण खर्च | २,००,०००.०० | १,९९,२२०.०० | ७८०.०० |
| १२ | २२७११ | विविध खर्च | ९,५०,०००.०० | ७,०६,५००.०० | २,४३,५००.०० |
| १३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | १२,४०,०००.०० | ३५,५९५.०० | १२,०४,४०५.०० |
| १४ | २५३१५ | अन्य सस्था सहायता | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| १५ | २७२१९ | अन्य सामाजिक सहायता | १२,००,०००.०० | ११,९२,८६१.०० | ७,१३९.०० |
| १६ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १०,००,०००.०० | ७,८०,७१७.०० | २,१९,२८३.०० |
| १७ | ३११२१ | सवारी साधन | ९,५०,०००.०० | ९,३२,७००.०० | १७,३००.०० |
| १८ | ३११२२ | मेशिनरी तथा औजार | ०.०० | ०.०० | ०.०० |
| १९ | ३११२३ | फर्निचर तथा फिक्चर्स | १,७०,०००.०० | १,७०,०००.०० | ०.०० |
| २० | ३११३५ | पूँजीगत परामर्श खर्च | १०,००,०००.०० | ९,६४,६०९.०० | ३५,३९१.०० |
| २१ | ३११५१ | सडक तथा पूल निर्माण | २४,०९,०००.०० | २३,०७,००८.३६ | १,०१,९९१.६४ |
| १८ | जन सहभागिता - आन्तरिक श्रोत : जन सहभागिता - नगद | | २७,७८,८०१.६४ | २७,४२,३०९.६४ | ३६,४९२.०० |
| १ | २२५२२ | कार्यक्रम खर्च | १,९४,०६८.०० | १,८४,१५०.०० | ९,९१८.०० |
| २ | २२७११ | विविध खर्च | ८,२४,०१०.०० | ८,२४,०१०.०० | ०.०० |
| ३ | ३११५१ | सडक तथा पूल निर्माण | १०,६०,७२३.६४ | १०,६०,७२३.६४ | ०.०० |
| ४ | ३११५५ | सिंचाई संरचना निर्माण | ७,००,०००.०० | ६,७३,४२६.०० | २६,५७४.०० |
| कुल जम्मा | | | ५५,९३,१०,८०१.६४ | ४६,६५,१८,४४९.७४ | ९,२७,९२,३५१.९० |

## १३. २०८२ असार मसान्तसम्मको खर्चको प्रगति विवरणः

| सि.नं. | बजेट प्रकार | कूल बजेट रु. | चैत्र मसान्तसम्मको खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू | ३७७४०३०७८ | ३३४५२५२८१ | ८८.६४ |
| २ | पुंजीगत | १८१९०७७२३ | १३१९९३१६८ | ७२.५६ |
| | जम्मा | ५५९३१०८०१ | ४६६५१८४४९ | ८३.४० |

**१४. तोकिए बमोजिमका अन्य विवरणः**

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र हुप्सेकोट गाउँपालिकाले तोके बमोजिम हुने।

**१५. सार्वजनिक निकायको वेबसाइटः**

हुप्सेकोट गाउँपालिकाको वेबसाइट www.hupsekotmun.gov.np रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरणः**

नभएको

**१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः**

- कार्यालयको वेबसाइट www.hupsekotmun.gov.np
- कार्यालयको त्रैमासिक, वार्षिक प्रगति प्रतिवेदनहरु
- कार्यालयको Facebook page

हुप्सेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी ९वर्दघाट सुस्ता पूर्व०

फोनः- ०७८-५९०७०१, ५९०७०२

वेबसाइटः www.hupsekotmun.gov.np

इमेलः hupsekotrmun@gmail.com, info@hupsekotmun.gov.np